# रामपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः१ मितिः २०८०/०१/१५

## भाग -२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम रामपुर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नीति सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## रामपुर नगरपालिकाको

## भ्रष्टाचार विरुद्धको नीति, २०८०

**१) परिचयः**

नेपालको संविधान (२०७२) को धारा २३८ मा भ्रष्टाचार विरुद्ध अनुसन्धान, तहकिकात र अदालतमा मुद्दा दायर गर्ने उद्देश्यले संस्थागत संरचनाका रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना गरेको छ । साथै भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्र संघीय महासन्धी लागु भई नेपाल सो महासन्धीको पक्ष राष्ट्र समेत भएको छ ।

त्यसै गरी भ्रष्टाचार निवारण ऐन २०५९ ले रिसवत लिने दिने, विना मूल्य वा कम मूल्यमा वस्तु वा सेवा लिने, कमिशन लिने, राजस्व चुहावट गर्ने , गैरकानुनी लाभ वा हानि पुऱ्याउने, गलत लिखत तयार गर्ने , गलत अनुवाद गर्ने , झुट्टा विवरण दिने, सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्ने , गैर कानुनी दवाव दिने, गैर कानुनी रुपमा सम्पत्ति आर्जन गर्ने लाई भ्रष्टाचारको रुपमा लिएको छ । समग्रमा यस नीतिले व्यक्तिगत प्रयोजनका लागि सार्वजनिक सम्पत्तिको दोहनलाई भ्रष्टाचारको रुपमा लिएको छ ।

साथै सूचनाको हक सम्बन्धी ऐन, २०६४ ले सबै तहका सरकारलाई सार्वजनिक निकायको रुपमा परिभाषित गरेकाले भ्रष्टाचार निवारण ऐनका प्रावधान आकर्षित हुने भएकाले यो भ्रष्टाचार विरुद्धको नीति लागु गरिएको छ । यस नीतिले स्थानीय सरकारका हरेक क्रियाकलापमा पारदर्शीता अभिवृद्धि हुने गरिएको छ ।

**२) उद्देश्यः** स्थानीय तहमा भ्रष्टाचार विरुद्ध शून्य सहनशिलता कायम गर्ने ।

**३) भ्रष्टाचार मानिने क्षेत्रहरुः**

**(क) स्वार्थको द्वन्द्वः** स्थानीय तहमा भ्रष्टाचार न्यूनीकरणका लागि "स्वार्थको द्वन्द्व" सम्बन्धी व्यवस्था कडाइका साथ लागु गरिनेछ । यस्तो द्वन्द्व स्थानीय तहमा कार्यरत निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुले सेवा प्रवाह, वस्तु तथा सेवा खरिद र आर्थिक कारोबार सञ्चालन गर्दा यस्तो अवस्था आउन सक्दछ । साथै नयाँ कर्मचारी भर्ना र सरुवा गर्दा पनि नीतिगत निर्णय गर्ने तहमा रहेका पदाधिकारी तथा कर्मचारीहरु यसमा संलग्न भएको हुन सक्दछन् । त्यसैले समयमै स्वार्थको द्वन्द्वको व्यवस्था गरिएन भने कर्मचारी तथा निर्वाचित पदाधिकारीहरुको सदाचारितामा प्रश्न उठ्नुका साथै भ्रष्टाचारजन्य कार्यमा संलग्न हुने अवस्था सम्म पुग्दछ । त्यसैले स्थानीय सरकारको आन्तरिक व्यवस्थापनमा हरेक निर्णय तथा क्रियाकलापमा पारदर्शिता बढाइने छ ।

साथै स्थानीय सरकारले खरिद गर्ने वस्तु/सामानको खरिद प्रक्रियामा कुनै कर्मचारी वा जनप्रतिनिधि संलग्न भई संस्थालाई कुनै क्षति हुन गएमा संलग्न कर्मचारी वा जनप्रतिनिधि विद्यमान कानूनका आधारमा कारबाहीको भागिदार हुनु पर्नेछ ।

**(ख) शक्तिको दुरुपयोगः** स्थानीय सरकारमा कार्यरत कर्मचारी तथा जनप्रतिनिधिहरु पालिकाले अवलम्बन गरेका असल अभ्यास, नीति तथा कानूनको अधिनमा रही आफ्ना दैनिक क्रियाकलाप सञ्चालन गर्न प्रतिबद्ध रहनेछन् । पालिकाका हरेक कर्मचारी र जनप्रतिनिधिले तोकिएको कार्य विवरणको अक्षरशः पालना गर्ने छन् । पालिकाबाट सञ्चालन गर्ने हरेक क्रियाकलाप पारदर्शी ढंगले सञ्चालन गरिनेछ । साथै पालिकाका निर्वाचित पदाधिकारी तथा कर्मचारीले व्यक्तिगत स्वार्थका लागि विद्यमान नियम कानूनको बर्खिलाप हुने गरी कुनै काम गर्ने छैनन् । पालिकाको हित विरुद्ध शक्तिको दुरुपयोग हुने अवस्थाबाट सम्बन्धित सबैलाई निरुत्साहित गरिनेछ ।

**(ग) अपराध तथा सार्वजनिक सम्पत्तिको हिनामिनाः** पालिकामा हुने कुनै पनि गैर कानुनी कामलाई अपराधको रुपमा लिइनेछ । पालिकाबाट सञ्चालित हरेक क्रियाकलाप जनहितमा हुनु पर्ने भएकोले स्थानीय सरकारमा प्राप्त हुने हरेक स्रोत (आर्थिक तथा भौतिक) सार्वजनिक सम्पत्ति हुन् । त्यसैले सार्वजनिक सम्पत्ति हिनामिना गर्ने कर्मचारी र जनप्रतिनिधिलाई कानुनी कारबाहीको दायरा ल्याउन पालिका प्रतिबद्ध रहने छ ।

**(घ) घुसः** घुसलाई गैर कानुनी क्रियाकलाप मानिन्छ । स्थानीय सरकार सञ्चालनका क्रममा विभिन्न व्यक्ति तथा संस्थासँग आर्थिक तथा अन्य कारोबार गर्नुपर्ने हुनसक्छ । यस्तो अवस्थामा पालिकाका क्रियाकलापमा संलग्न हुन आएका व्यक्ति वा संस्थाले घुस (रिसवत) दिएर व्यक्तिगत फाइदा उठाउन सक्छन् । त्यसैले पालिकामा हरेक वस्तु तथा सेवा खरिद गर्दा यस्तो विषयलाई पारदर्शी रुपमा व्यवस्थापन गरिनेछ । भ्रष्टाचार विरुद्द शून्य सहनशिलताको नीतिलाई अवलम्बन गरिनेछ । यदि कसैबाट घुस लिने दिने गरेको पाइएमा तत्काल छानविन समिति मार्फत छानविन गरी दोषी उपर विद्यमान कानून अनुसार कारबाहीको लागि सिफारिस गरिनेछ ।

**(ङ) आफन्तवादः** पालिकामा वस्तु तथा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक एवं गुणका आधारमा छनौट गरिनेछ । पालिकामा निर्णायक तहमा रहेका कर्मचारी तथा जननिर्वाचित पदाधिकारीले आफन्तको स्वार्थ र हितका लागि काम गर्न सक्ने हुँदा यस तर्फ पालिका सदैव चनाखो रहनेछ । आफन्त नाता परेकै कारणले योग्य उम्मेदवार अवसरबाट वञ्चित नहोस् भन्नका लागि छनौट प्रक्रियालाई पारदर्शी गरिनेछ । साथै वस्तु तथा सेवा खरिदमा आफन्तवादको प्रभाव नपरोस भन्ने उद्देश्यले नेपाल सरकारको खरिद नीतिलाई समेत अवलम्बन गरिनेछ ।

**(च) उपहारः** स्थानीय सरकारमा पदाधिकारी तथा कर्मचारीले कुनै पनि व्यक्तिलाई उपहार दिन र उपहार लिनका लागि सीमा निर्धारण गरिने छ । त्यसैले पालिकाबाट दिइने उपहार अधिकतम एक हजार वा कसैबाट उपहार ग्रहण गर्दा पनि सोही रकम बराबर भन्दा बढी लिनु/दिनु हुँदैन । सो भन्दा बढीको उपहार लिनु/दिनु पर्ने भएमा पालिकाबाट निर्णय गराउनु पर्नेछ । साथै कुनै जननिर्वाचित पदाधिकारी तथा कर्मचारीले संस्थाको नामबाट एक हजार भन्दा बढीको उपहार कसैबाट प्राप्त गरेको रहेछ भने त्यस्तो उपहार पालिकाको आम्दानीका रुपमा दाखिला गर्नु पर्नेछ ।

**४) पारदर्शिता कायम गर्ने सम्बन्धमाः** पालिकाका हरेक गतिविधिमा पारदर्शिता कायम गर्न विद्यमान कानूनले दिएको दायित्व पुरा गर्नका लागि देहाय बमोजिमको पारदर्शिता सम्बन्धी व्यवस्था सुनिश्चित गरिनेछः

क) कुनै पनि नेपाली नागरिकले पालिकासँग सम्बन्धित सूचना माग गरेमा त्यस्तो सूचना उपलब्ध गराउनका लागि सूचनाको हक सम्बन्धी ऐन, २०६४ ले निर्धारण गरेको प्रक्रिया पुरा गरी सूचना तथा विवरण उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

ख) पालिकाले सञ्चालन गर्ने गतिविधि, नियुक्ति सम्बन्धी विषय, नीतिगत निर्णयहरु तथा कार्यक्रम र बजेट सम्बन्धी जानकारी समय समयमा सम्बन्धित सरोकारवाला समक्ष सार्वजनिक गर्ने र उक्त मुख्य गतिविधिहरुलाई पालिकाको वेब साइटमा समेत राख्ने व्यवस्था गरिनेछ ।

**५) गुनासो सुनुवाई सम्बन्धी संयन्त्रः** पालिकामा भ्रष्टाचार तथा अनियमितता सम्बन्धी प्राप्त हुने गुनासाहरुको सम्बोधन गर्न देहाय बमोजिमको गुनासो सुनुवाई संयन्त्रको व्यवस्था गरिनेछ ।

क) पालिकमा कार्यरत कर्मचारी, सदस्य वा अन्य कुनैपनि व्यक्ति वा निकायका तर्फबाट गरिने जुनसुकै प्रकारको गुनासो सम्बोधन गर्नका लागि पालिकाको कार्य समितिको निणर्यानुसार एक गुनासो व्यवस्थापन समिति गठन गरिनेछ । उक्त समितिको काम कर्तव्य र अधिकार उक्त समिति गठन गर्ने निर्णय बमोजिम हुनेछ ।पालिकाले आवश्यकतानुसार गुनासो सम्बोधन कार्यविधि तर्जुमा गरी लागु गर्नेछ ।

ख) पालिकामा गुनासो प्राप्त गर्नका लागि गुनासो पेटिका राखिनेछ । उक्त पेटीका गुनासो सुन्ने पदाधिकारी मध्ये एक जना र अन्य एक जना पदाधिकारी वा कर्मचारीको रोहवरमा कम्तिमा १५ दिनको एक पटक खोल्ने व्यवस्था गरिनेछ । प्राप्त गुनासोको सम्बोधन गर्ने जिम्मेवारी गुनासो सुनुवाई समितिको हुनेछ ।तर गुनासो सुनुवाई समितिका पदाधिकारी उपर नै कुनै गुनासो वा उजुरी परेको अवस्थामा पालिका नगर प्रमुख वा नगर उपप्रमुखले त्यस उपर आवश्यक कारबाही अघि बढाउने छन् ।

ग) पालिकामा प्राप्त उजुरी तथा गुनासाहरुको विवरण र उक्त उजुरी तथा गुनासाहरुको सम्बोधनको अद्यावधिक विवरण राख्नको लागि पालिकामा एउटा गुनासो दर्ता तथा कारबाही रजिष्टर खडा गरी सो सम्बन्धी सम्पूर्ण विवरणहरु सोही रजिष्टरमा अद्यावधिक गरी राखिनेछ ।

**६) नीतिको व्याख्याः** यस नीतिको कुनै पनि प्रावधानको विषयमा थप स्पष्टता र व्याख्याको आवश्यकता परेमा नगरपालिकाको बैठकले अन्तिम व्याख्या गर्ने छ ।

**७) नीति लागु हुनेः** यो नीति नगर कार्यपालिकाको बैठकले पारित गरे पछि लागु हुनेछ ।

आज्ञाले
लेखनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधकृित